<u>गतिविधि</u>

# अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकार संरक्षण सम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न

काठमाडौं । रक्षा मन्त्रालयले आयोजना गरेको 'अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकार संरक्षण' विषयक दुई दिने अभिमुखीकरण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भयो ।
कार्यक्रमको समुद्घाटन गर्दै माननीय रक्षामन्त्री डा.मीनेन्द्र रिजालले "मानव अधिकारलाई शान्ति र विकासको मुलभूत आधारका रुपमा ग्रहण गरी संयुक्त राष्ट्र संघको महासभाबाट १० डिसेम्बर १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको मुख्य उद्देश्य अनुरुप सम्पूर्ण प्रकारका मानव अधिकार हनन्का घटनाहरुलाई निरुत्साहन गर्न र मानव अधिकारको सम्मानलाई बढावा दिनु पर्ने कुरा उल्लेख गर्नु भएको थियो ।

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएपश्चात मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु एवं महासन्धिहरुको पक्ष राष्ट्र बनिसकेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताका आधारमा मानव अधिकारको राष्ट्रिय कार्ययोजना तयार गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । विभिन्न मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको पक्ष राष्ट्र हुनुको नाताले शान्ति तथा युद्धको समयमा उक्त महासन्धिमा उल्लेखित प्रावधानहरुको सम्भव भएसम्मका सुरक्षाकर्मीहरुलाई प्रशिक्षण गराउनुपर्ने कुरामा मन्त्री रिजालले जोड दिनु भयो ।

प्रदेश नं.१ मा कार्यरत नेपाली सेनाका सेनानी, सह-सेनानी र उप-सेनानी सहित अधिकृतस्तरका २५ जना अधिकृतहरुको सहभागिता रहेको उक्त कार्यक्रममा सम्बद्ध विषय विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

सो कार्यक्रमको समापन गर्दै रक्षा मन्त्रालयका सचिव बेगेन्द्रराज शर्मा पौड्यालले नेपाली सेनाबाट नागरिकहरुको मानव अधिकारको सम्मान गर्दै आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने तर्फ उन्मुख हुन यस अभिमुखीकरण कार्यक्रम लाभदायक हुने बताउनु भयो ।

२०७८ मंसिर १ र २ गते सञ्चालन भएको उक्त कार्यक्रममा आयोजकको तर्फबाट सह सचिव आलोक चन्द्र श्रेष्ठले कार्यक्रममा सहभागी सम्पूर्ण प्रशिक्षक तथा प्रशिक्षार्थीहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन मानव अधिकार शाखाका शाखा प्रमुख उपसचिव ज्ञाननाथ ढकालले गर्नु भएको थियो ।